नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाडौं

## प्रेस विज्ञप्ति

मिति २०७२।९।७

देशमा उर्जा समस्या चुलिदै गएको सन्दर्भमा उर्जाको सहज आपूर्ति र दीर्घकालीन समाधानका लागि उर्जाको विकल्प खोजिनु पर्ने आवश्यकता समेतलाई दृष्टिगत गरी घरायसी प्रयोगमा वैकल्पिक ऊर्जाको दिगो व्यवस्थापन गर्ने ध्येयले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७२।९।६ (मा.उपप्रधानमन्त्रीस्तर) मा निर्णय गरी स्थानीय निकायहरुलाई निर्देशित गरिएको छ ।

उक्त अवसरमा यस्तो व्यवस्था मिलाउन ७५ जिविस र सबै २१७ नपामा पत्राचार गरिएको छ । जस अनुसार कूल उर्जा खपतको २५ प्रतिशत वा १५०० वाट पिक मध्ये जुन बढि हुन्छ, सोही क्षमताको सौर्य उर्जा प्रणाली जडानको डिजाइन नक्सापास गर्दा नै अनिवार्य रुपमा समावेश गर्नुपर्ने छ । यो व्यवस्था सबै प्रकारको सरकारी भवन, सबै प्रकारको व्यापारिक भवन (तल्लो तला व्यापारिक प्रयोजनमा रहेको र माथिल्लो आवासीय प्रयोजनमा रहेको भवनलाई समेत), सबै प्रकारको संस्थागत भवन (विद्यालय, उच्च विद्यालय, अस्पताल, सरकारी तथा निजी पब्लिक लि.), सबै प्रकारको सार्वजनिक संस्थान, महानगरपालिका र उपमहानगरपालिकाको हकमा १० आनाभन्दा वढि जग्गामा वनेका २५०० वर्गफिट भन्दा वढिका आवासीय भवनहरुमा लागू हुनेछ । साथै उक्त निर्णयमा नगरपालिका तथा नगरउन्मुख गाविसका क्षेत्रमा निर्माण हुने आवसीय संरचनाहरुमा क्रमशः सौर्य उर्जा प्रणाली जडान गर्ने व्यवस्था समेत गरिनेछ ।

यसभन्दा पहिले भवन निर्माणको अनुमती लिइएका र निर्माण सम्पन्न गरी निर्माण सम्पन्न प्रतिवेदन नलिएका आवासीय संरचनाहरुमा यो व्यवस्था लागू गर्नुपर्ने र निर्माण सम्पन्न भईसकेका अन्य आवासीय भवनको हकमा गाँउ/नगर परिषद्को निर्णयबाट यो व्यवस्थालाई लागू गर्न सक्ने र सौर्य उर्जा प्रणाली जडानका लागि प्राविधिक सहयोग वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले उपलब्ध गराउने व्यवस्था मिलाइएको व्यहोरा समेत उक्त अवसरमा जानकारी गराइयो ।

मन्त्रालयले चालु आर्थिक वर्ष भित्र सञ्चालन गर्ने गरी स्थानीय निकाय, नेपाल सरकार र स्थानीय जनताको संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी जनसहभागितामा आधारित सौर्य सडक वत्ती कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको छ । यसैगरी चालु आ.व. भित्र सौर्य उर्जा, सडक बत्ती आदि वैकल्पिक उर्जाका कार्यक्रम लगायतका स्थानीय उर्जा विकास कार्यक्रम सञ्चालन गर्न समेत तयारी गरिएको छ । नवीकरणीय उर्जालाई नमूनाको रुपमा प्रवर्द्धन गर्न गाँउ विकास समिति, नगरपालिका, जिल्ला विकास समितिहरुका मौजुदा भवनहरुमा समेत सौर्य उर्जा जडान गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

देशमा हाल विद्यमान उर्जा समस्याको दिगो समाधानका लागि बैकल्पिक उर्जाको विकास र प्रयोगमा आम सरोकारवाला सबै वर्गको सक्रिय सहभागिता, समन्वय र सहयोगको मन्त्रालयले अपेक्षा राखेको छ ।

पूर्णचन्द्र भट्टराई

सहसचिव/प्रवक्ता

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार ।